# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०७९।१२।२६ गते ।

## प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको।**

ईशनाथ नगरपालिका, रौतहटका तत्कालीन नि.प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ताले गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा निज नन्दकिशोर गुप्ताले सार्वजनिक सेवा प्रवेश गरेको मिति २०५१।०१।२९ गते देखि निजले यस आयोगमा सम्पत्ति विवरण पेश गरेको मिति २०७९।०२।२५ गतेसम्मको अवधिमा निजको विभिन्न शीर्षकहरुमा भएका आयतर्फ र व्ययतर्फ गरी आयको अनुपातमा खर्च तथा लगानी गरेको व्यय एवं विद्यमान सम्पत्ति **रु.१,४९,९७,८६४।२० बराबरको स्रोत** नखुलेको हुँदा निज सार्वजनिक पद धारण गरेका नन्दकिशोर गुप्ताले प्रचलित कानून बमोजिम पेश गरेको सम्पत्ति विवरण अमिल्दो तथा अस्वभाविक देखिन जानुका साथै मनासिब कारण बिना अमिल्दो र अस्वभाविक उच्च जीवनस्तर यापन गरेको र सार्वजनिक पदको दुरुपयोग गरी **रु.१,४९,९७,८६४।२०** बराबरको सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज नन्दकिशोर गुप्ताउपर निजले पदको दुरूपयोग गरी गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति **रु.१,४९,९७,८६४।२० (एक करोड उनपचास लाख सन्तानब्बे हजार आठ सय चौसट्ठी रूपैंया बीस पैसा)** बिगो कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ मा उल्लेख भएवमोजिम सोही ऐनको दफा ३ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम कैद तथा जरिवानाको सजाय गरी पाउनका साथै प्रतिवादी नन्दकिशोर गुप्ताले जाँच अवधिमा गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति **रु.१,४९,९७,८६४।२०** साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १६ग, दफा २९ को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख को आधारमा कानूनबमोजिम निज प्रतिवादी नन्दकिशोर गुप्ता तथा निजको श्रीमती उषा गुप्ताको नाममा हाल कायम सम्पत्तिवाट जफत गरी पाउन मागदावी लिइएको छ।

यसैगरी, निज नन्दकिशोर गुप्ताले सार्वजनिक सेवाको पदमा रहेर आफ्नो पदको दुरुपयोग गरी गैरकानूनी रूपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्ति निजले श्रीमती उषा गुप्ताको नाममा जग्गा खरिद तथा घर निर्माण लगायतमा गरिएका खर्चमध्ये स्रोत पुष्टि हुन नसकेको लागत मूल्य बराबरको सम्पत्ति बिगो र त्यसबाट बढेबढाएको सम्पत्ति जफत गर्ने प्रयोजनार्थ मात्र साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम उषा गुप्तालाई समेत प्रतिवादी कायम गरी निजको नाममा हाल कायम रहेको सम्पत्तिमध्येबाट बिगो जफत गरी पाउन मागदावी लिई आज विषेश अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
भोला दाहाल